# सद्भावना र सहिष्णुता को लागी  हाम्रो अपील

सुनसरीको देवानगन्जमा सल्केको साम्प्रदायिक दङ्गा देशका विभिन्न भागमा फैलिएका कारण भइरहेको जनधानको क्षतिले हामिलाई मर्माहत र चिन्तित बनाएको छ। दङ्गाका क्रममा गोली लागेर ज्यान गुमाउने सुन्सरीका ओमप्रकाश मेहताऽ गणेश मेहता र सिरहाका गणेश यादवप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना ब्यक्त गर्दछौं। साथै ¸यी घटनाका मृतकका परिवारलाई रहत दिने र घाईतेहुनेहरूको उपचार गर्ने प्रतिबद्धता सरकारले ब्यक्त गरिसकेकोमा त्यसको प्रभावकारी कार्यान्वयनकालागि सरकारको ध्यानाकर्षण गराउदै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

धार्मिक, जातीय, भाषिक, भौगोलिक तथा साँस्कृतिक विविधता दृष्टिले नेपाल विश्व कै एक अद्वितीय उदाहरणको रुपमा रहेको छ। यीनै विविध धर्म, जाती, भाषा, सम्प्रदाय तथा भूगोलका जनता वीचको सामाजिक सदभाव, भाईचारा, सहिष्णुता र मेलमिलाप नेपाली समाजको विशेषता र अमुल्य संपति रहिआएको छ। तर, अहिले तराईमधेशका विभिन्न ठाउँमा सामाजिक सद्भाव खल्बलिएको छ र शान्तिसुब्यवस्था नाजुक बनेको छ। सर्वसाधारणलाई भड्काउने, हिंसा र अराजकतालाई प्रोत्साहन गर्ने तथा एकअर्काको आस्थामा गंभीर चोट पुर्याउने खालका भ्रामक र उत्तेजक सामग्री प्रचारप्रसार गर्ने जस्ता गतिविधि कायमै छन्। राजनैतिक द्वन्द्वका घाउहरू नपुरिदै नेपाल फेरी धार्मिक दङ्गाको चपेटामा परेको देखिएको छ। यस्तो द्वन्द्वले नेपाली समाजले हजारौं वर्षदेखी जोगाउदै आएको सामाजिक सदभाव तथा नेपालीनेपाली विचको एकता खल्बलिने र नेपालको शान्ति तथा स्थायित्व बिथोलिने खतरा बढेको छ।

हामी यस परिस्थितिमा देहाय बमोजम गर्न सम्बद्ध सबैलाई हार्दिक आह्वान गर्दछौं

१) हिंसा फैलिएका र सम्भाब्य जोखीममा रहेका प्रदेश तथा स्थानीय तहमा पनि सर्वपक्षीय बैठकबाट सामुहिक आह्वान गर्न संघीय सरकारले लिएको पहलकदमि लाई  विस्तार गर्ने।

३) घटनाको सत्यतथ्य छानवीन गरी दोषी उपर विनामोलाहिजा कारवाही गर्न, पीडितलाई क्षतिपुर्तीसहित राहत उपलब्ध गराउन र  आगामी दिनमा यस्ता घटना नदोहोरिने विश्वसनीय राजनैतिक, सामाजिक तथा सुरक्षा वातावरण बनाई कानुन कार्यान्वयनमा सुरक्षा निकायको मनोवल उच्च राख्ने वाताबरण बनाउन एक न्यायिक छानवीन आयोग तत्काल गठन गर्ने।

४) धर्म निरपेक्षताको अर्थ आफ्नो धार्मिक आस्था अनुसारको कृयाकलाप  गर्दा अरुको आस्थामा चोट नपुर्याई वा अवरोध नगरी सहिष्णुता र सदभावयुक्त साम्प्रदायिक सहअस्तित्वको अभ्यास हो। नेपाली

समाजको विशेषताका रुपमा रहेको साम्प्रदायिक सहअस्तित्व जोगाउन यस विपरितका कृयापलापमा सरकारले कडाईपुर्वक नियन्त्रण गर्ने।

५) सामाजिक संजालमा हिंसा भड्काउने, ¸शान्तिसुब्यस्थालाई चुनौति दिने, कानुन हातमा लिने तथा जनताको जीउज्यान एवं सार्वजनिक तथा नीजि संपत्ति तोडफोड वा आगजनी गर्ने जो कोहीलाई कानुनि कारवाही गर्ने।

६) सरकारले सत्यतथ्य, सम्प्रदाय तथा नागरिक सङ्गको सरकारको अपेक्षासहित नियमित रुपमा सुचना संप्रेषण गर्ने र भ्रामक सुचनामा बन्देज लगाउने ब्यवस्था तत्काल मिलाउने। नागरिकको जिउधनको सुरक्षा सरकारको सर्वोपरी प्राथमिकता हो। कुनै नागरिकलाई जीउधनको असुरक्षाको अवस्था आईपरेमा तत्काल पहुँच र सम्बोधन हुने प्रतिकार्य संयन्त्र (rapid response mechanism) स्थानीय स्तरमा बनाई प्रभावकारी रुपमा परिचालन गर्ने।

नेपालको विशिष्ठ पहिचान र अमुल्य पूँजीका रुपमा रहेको हजारौं वर्षदेखीको सामाजिक, धार्मिक, जातीय, भाषिक तथा साम्प्रदायिक सदभाव, सहिष्णुता र भ्रातृत्व कायम राखी सपूर्ण नागरिकको जीउधनको सुरक्षाकालागि हिंसा र द्वन्द्व बढाउने कुनैपनि कृयाकलापमा नलाग्न नलगाउन हामी सबै राजनैतिक दल, धार्मिक तथा सामाजिक संघसंस्थाहरू, नागरिक समाज, प्रबुद्ध वर्ग तथा आमसर्वसाधारणलाई हार्दिक अपील गर्दछौं।

निलाम्बर आचार्य

सूर्यप्रसाद श्रेष्ट

हिरण्यलाल श्रेष्ठ

दीप कुमार उपाध्याय

महेन्द्रबहादुर पाण्डे

पिताम्बर शर्मा

सुशील प्याकुरेल

चैतन्य मिश्र

दुर्गेश मान सिंह

टङ्क कार्की

महेशकुमार मास्के

लीलामणि पौड्याल

विष्णुपुकार श्रेष्ठ

मिति: २०८३।०४।१६